# राष्ट्रिय मानवअधिकार आयोग विधेयक, २०६६ बारे राष्ट्रिय मानव अधिकार आयोग नेपाल तथा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका टिप्पणीहरू

मस्यौदा कानुनबारे खुला संवाद शृङ्खला- २

जनवरी २०११

खुलेर बोलौं विभेदलाई रोकौं

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

UNITED NATIONS HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER
Nepal

**प्रकाशन**
राष्ट्रिय मानव अधिकार आयोग
नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय
**प्रतिलिपि अधिकार** – राष्ट्रिय मानव अधिकार आयोग र उच्चायुक्तको कार्यालय

**प्रकाशन सहयोग** – राष्ट्रिय मानव अधिकार आयोग क्षमता सवलिकरण परियोजना

पुनःमुद्रित २०६८ (१५०० प्रति)

**निःशुल्क वितरणका निम्ति**

**थप जानकारीको लागि सम्पर्क राख्नुहोस्ः**
**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहरभवन पुल्चोक, ललितपुर
पोष्ट बक्स ९१८२
फोन नं. +९७७-१-५०१००१५, १६, १७, १८
फ्याक्स ९७७-१-५५४७९७३
इमेल : nhrc@nhrcnepal.org
वेवसाइटः www.nhrcnepal.org

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय**
सिलु बिल्डिङ, छाउनी, म्युजियम रोड
पोष्ट बक्स २४५५५, काठमाडौं
फोनः +९७७-१-४२८०१६४
फ्याक्सः +९७७-१-४६७०७१२
इमेलः registry.np@ohchr.org, ohchr-nepal@ohchr.org
वेबसाइटः http//nepal.ohchr.org

मुद्रण तथा ले-आउट : युनाइटेड ग्राफिक्स प्रिन्टर्स

# राष्ट्रिय मानव अधिकारआयोग विधेयक, २०६६ बारे राष्ट्रिय मानव अधिकार आयोग नेपाल तथा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका टिप्पणीहरू

जनवरी २०११

राष्ट्रिय मानवअधिकार आयोग
नेपाल

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER
Nepal

# राष्ट्रिय मानवअधिकार आयोग विधेयक, २०६६ बारे राष्ट्रिय मानव अधिकार आयोग नेपाल तथा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका टिप्पणीहरू

## १. परिचय

राष्ट्रिय मानवअधिकार संस्था भन्नाले मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न संवैधानिक र/वा कानुनी कार्यादेश पाएको संस्था हो। राष्ट्रिय मानवअधिकार संस्थाहरू मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय संस्थाहरूको हैसियत तथा सञ्चालनसँग सम्बन्धित सिद्धान्तहरू (पेरिस सिद्धान्त) अनुसार रहँदा उनीहरू राष्ट्रिय मानवअधिकार संरक्षण तथा प्रबर्द्धन गर्न व्यवस्थाका आधारशिला हुन्छन्। राष्ट्रियस्तरमा काम गर्न यी राष्ट्रिय मानवअधिकार संस्थाहरू स्वतन्त्र, स्वायत्त हुन्छन्। पेरिस सिद्धान्तले तिनका लागि आधारभूत मापदण्डहरूको उल्लेख गरेको छ।[१]

राष्ट्रिय मानवअधिकार आयोग नेपालको (आयोग) स्थापना मानवअधिकार आयोग ऐन, २०५४ अन्तर्गत २०५७ जेठ १३ गते भएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ मा आयोगको स्थापना तथा सञ्चालनसम्बन्धी प्रावधानहरूको व्यवस्था गरी यसलाई संवैधानिक अङ्गको रूपमा विकास गरियो। यसले गर्दा सरकारले नयाँ मस्यौदा कानुन "*राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिसम्बन्धी मस्यौदा विधेयक* ('विधेयक')" तयार पारी २०६६ भाद्रमा व्यवस्थापिका संसदमा दर्ता गर्‍यो। सो विधेयक त्यसयता व्यवस्थापिका संसदमा विचाराधीन रहेको छ।

---

[१] पेरिस सिद्धान्त (राष्ट्रिय संस्थाहरुको हैसियत र सञ्चालनसँग सम्बन्धित सिद्धान्तहरु) ले सबै राष्ट्रिय संस्थाहरुको पूरा गर्नुपर्ने आधारभूत अन्तर्राष्ट्रिय मापदण्डहरु उल्लेख गरेको छ। सन् १९९१ मा आयोजित एक अन्तर्राष्ट्रिय कार्यशालामा राष्ट्रिय मानव अधिकार संस्थाहरुको एक समूहले तिनको अवलम्बन गर्‍यो र पछि १९९३ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार आयोग तथा महासभाले यसलाई स्वीकृत गर्‍यो। हाल यसलाई  मोटामोटी रुपमा अन्तर्राष्ट्रिय मापदण्डहरुको दृष्टिमा कुनै पनि संस्थाको वैधानिकता तथा विश्वसनीयताको परीक्षण गर्ने मापदण्डको रुपमा स्वीकार गरिएको छ।

राष्ट्रिय मानवअधिकार संस्थाहरूको स्थापना उनीहरूको निरन्तर अस्तित्व तथा स्वतन्त्रताको प्रत्याभूतिसहित कानुन वा संविधानद्वारा हुनुपर्छ यसरी हेर्दा, राष्ट्रिय मानव अधिकार आयोगलाई दिइएको संवैधानिक प्रावधानको हैसियतपछि नयाँ विधेयक तयार पार्न लिएको पहलको लागि आयोग तथा उच्चायुक्तको कार्यालयले नेपाल सरकारको प्रशंसा गर्दछ ।

## २. मस्यौदा कानुनको विश्लेषण

आयोग तथा उच्चायुक्तको कार्यालयले मस्यौदा विधेयक पेरिस सिद्धान्तसँग अनुकूल छ कि छैन भनेर मूल्याङ्कन गर्न र त्यसबारे टिप्पणी तथा सिफारिसहरू गर्न त्यसको विश्लेषण गरेको छ । यो विश्लेषण पेरिस सिद्धान्तका ६ वटा मुख्य मापदण्डहरूमा आधारित छः

(१) कानुन वा संविधानद्वारा प्रत्याभूतको स्वतन्त्रता;
(२) सरकारबाट स्वायत्तता;
(३) सदस्यता लगायतमा बहुलवाद;
(४) विश्वव्यापी मानवअधिकार मापदण्डहरूमा आधारित फराकिलो कार्यादेश;
(५) अनुसन्धानको पर्याप्त अधिकार; र
(६) पर्याप्त संसाधन ।

यो विश्लेषण राष्ट्रिय मानवअधिकार संस्थाहरूको अभ्यासबाट सिकेका पाठहरू तथा यी संस्थाको अन्तराष्ट्रिय समन्वय समिति आईसीसीद्वारा विकास गरिएका सामान्य टिप्पणीहरूमा पनि आधारित छ ।[२]

यी टिप्पणीहरू मुख्यतः विधेयकसँग सम्बन्धित छन् । तर तिनले अन्तरिम संविधान तथा सन् २०१० फेब्रुअरीमा संविधानसभाको संवैधानिक निकायहरूको संरचना निर्धारणसम्बन्धी समितिद्वारा आयोग र अन्य संवैधानिक निकायका सम्बन्धमा पेस गरिएका प्रारम्भिक संवैधानिक प्रस्तावबारे प्रकाश पार्दछ ।

विधेयकमा प्रभावकारी राष्ट्रिय मानवअधिकार संस्थाको सु-सञ्चालनका लागि महत्वपूर्ण केही सकारात्मक प्रावधानहरू राखिएका छन् । अरु महत्वपूर्ण प्रावधानहरूमा पेरिस सिद्धान्तको अनुकूल हुने गरी गर्नुपर्न संशोधनहरू तथा

[२] पेरिस सिद्धान्त अनुरुपका राष्ट्रिय मानवअधिकार संस्थाहरुको स्थापना तथा सुदृढीकरणका लागि गठित अन्तर्राष्ट्रिय समन्वयकारी समिति आईसीसी त्यस्ता संस्थाहरुको प्रतिनिधिमूलक निकाय हो । आईसीसीलाई राष्ट्रिय मानवअधिकार संस्थाहरुले मान्यताका लागि दिएका निवेदनहरुमा पेरिस सिद्धान्तको पालना भए नभएको कुराको समीक्षा तथा विश्लेषण गर्ने कार्यादेश छ । आईसीसीको एससीएले त्यस्ता निवेदनहरुको समीक्षा तथा विश्लेषण गर्दछ । आईसीसीका सामान्य टिप्पणीहरु पेरिस सिद्धान्तका व्याख्यात्मक औजार हुन् जसलाई पेरिस सिद्धान्तका विशिष्ट पक्षबारे माग गरिए अनुसारका थप सुझाव प्रदान गर्न तथा स्पष्ट प्रावधानहरुको अत्यन्त ठूलो महत्वबारे जानकारी दिन प्रयो गर्न सकिन्छ ।

[१] सन् २००७ मा सरकारद्वारा अर्को मस्यौदा प्रस्तुत गरिएको थियो ।

[२] अघिल्लो मस्यौदा २०६४ मा एउटा दफा दफा ६ समावेश थियो जसमा आयोगको कामकारबाही स्वतन्त्र, स्वायत्त र निष्पक्ष हुने भन्ने प्रांवधान थियो । सन् २००९ को मस्यौदामा यस दफालाई हटाइएको छ ।

नेपालका लागि एउटा पूर्णरूपमा स्वतन्त्र तथा प्रभावकारी राष्ट्रिय मानवअधिकार संस्थालाई सुनिश्चित गर्न कुराहरू पर्न सक्छन् । आयोग तथा उच्चायुक्तको कार्यालयले पेरिस सिद्धान्तहरूको पालनालाई थप बलियो बनाउन विधेयकसम्बन्धी आफ्ना टिप्पणी तथा सुझाव प्रस्तुत गरेका छन् ।

## १. संवैधानिक हैसियत

हैसियत पेरिस सिद्धान्तअनुसार राष्ट्रिय मानवअधिकार संस्थाको कार्यादेश संवैधानिक वा कानुनी पाठमा स्पष्टसँग उल्लेख गरिएको हुनु आवश्यक हुन्छ । तर, यसले यस्ता संस्थाहरूलाई बलियो बनाउने सम्बन्धमा यी दुईटा संयन्त्रहरूका बीच फरक छुट्याउँदैन । तर, अनुभवहरूले देखाएअनुसार राष्ट्रिय मानवअधिकार संस्थाहरूलाई औपचारिक रूपमा संविधानअन्तर्गत स्थापना हुनु अत्यन्त वाञ्छनीय हुन्छ किनकि यस कार्य यि संस्थाहरूलाई अरु साधारण कानुनले भन्दा बढी सुरक्षा प्रदान गर्दछ । तर, आयोगको अनुभवको आधारमा र आफूले काम गर्नु पर्न सन्दर्भमा कुनै पनि परिवर्तन गर्नु पर्न हुनसक्ने भएकाले आयोगका काम, कर्तव्य, अधिकार तथा कार्य संचालनसम्बन्धी प्रावधानका विवरणहरू सामान्य कानुनमा समावेश हुनु अझ राम्रो हुन्छ। संविधानभन्दा साधारण कानुन संशोधन गर्न सामान्यतः सजिलो प्रक्रिया हो ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना औपचारिक रूपमा संविधानअन्तर्गत हुनुपर्छ आयोगसम्बन्धी प्रावधानहरूले यी कुराहरू समावेश गरेको हुनुपर्छ

(१) यसको स्थापना गर्न
(२) यसलाई फराकिलो कार्यादेश प्रदान गर्न
(३) सामान्यतः यसका सदस्य तथा कर्मचारीको व्यवस्था गर्न र
(४) आयोगसम्बन्धी अझ विशिष्ट प्रावधानहरू समर्थन गरी कानुनमा समावेश गर्न व्यवस्थालाई समावेश गर्न

## २. स्वतन्त्रता तथा स्वायत्तताको प्रत्याभूति

राष्ट्रिय मानवअधिकार संस्थाहरूको स्वतन्त्रता तथा स्वायत्तता सुनिश्चित गर्न तिनको आधारशिला खडा गर्न हो र मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्न क्षमताका लागि कुञ्जी हो । यस्ता मानवअधिकार संस्थाहरू बाहिरी नियन्त्रण वा अनुचित प्रभाव बिना आफ्ना कार्यादेशहरू सम्पन्न गर्न स्वतन्त्र हुनुपर्छ विधेयकमा राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रताको प्रत्याभूति नहुनु गम्भीर चिन्ताको कुरा हो र सन् २००७ को मस्यौदामा भएका अघिल्ला प्रत्याभूतिहरूलाई हटाइएको छ ।[३]

३. आयोगका सदस्य, कर्मचारी र आयोगको काममा खटिने जो कोहीले संविधान तथा यस ऐन बमोजिम आयोगलाई सुम्पिएको काम, कर्तव्य र अधिकारको स्वतन्त्र, स्वायत्तता र निष्पक्षतापूर्वक प्रयोग र पालना गर्नुपर्नेछ ।

आयोग स्थापनासम्बन्धी धारामा स्वतन्त्रता भन्ने पद थपेर संवैधानिक प्रावधानमा महत्वपूर्ण सुधार गर्न सकिन्छ । फेरि, आयोगको स्वतन्त्रतालाई अझ बलियो बनाउने विशिष्ट प्रावधानहरू कानुनमा समावेश गर्न पनि महत्वपूर्ण हुन्छ । आयोगको काम तथा कारबाहीका सम्बन्धमा स्वतन्त्रता, स्वायत्तता तथा निष्पक्षताको कुनै पनि सन्दर्भ उल्लेख नभएको कुरालाई राष्ट्रिय मानव अधिकार आयोग तथा उच्चायुक्तको कार्यालयले ध्यानाकर्षण भएको छ ।

आयोगको स्वतन्त्रतालाई सबल बनाउन विधेयकमा संशोधन गर्न महत्वपूर्ण हुन्छः संशोधनसम्बन्धी सुझावहरूमा विधेयकको प्रस्तावनामा आयोगको स्वतन्त्रताको सन्दर्भ राख्ने; र आयोगको काम कारबाहीका सम्बन्धमा स्वतन्त्रता, स्वायत्तता तथा निष्पक्षतासम्बन्धी दफालाई समावेश गर्न कुरा पर्दछ ।[४] आयोगको स्वतन्त्रताका निम्ति अत्यन्त महत्वपूर्ण कुरा सचिवलगायत आफ्ना कर्मचारी आफैँले नियुक्त गर्न पाउने अधिकार पनि हो र यसलाई उपलब्ध हुनु पर्ने प्रयाप्त आर्थिक सहयोगसम्बन्धी प्रावधानहरू आवश्यक छन् ।

विधेयकमा अधिकारको प्रत्यायोजनसम्बन्धी प्रावधानहरू पनि छन् जुन अनुपयुक्त हुनुका साथै तिनले आयोगको स्वतन्त्रता वा स्वतन्त्रताको अनुभूतिलाई प्रत्यक्ष असर पार्न सक्छन् । त्यसैले आयोगका अधिकारहरू आयोगद्वारा मात्र प्रयोग गर्न वा यसका कर्मचारीमा प्रत्यायोजन गर्न सकिने तर विधेयकमा उल्लेख भएजस्तो नेपाल सरकारको अधिकृत कर्मचारी वा कुनै निकाय, संघ संस्था वा व्यक्तिलाई प्रत्यायोजन गर्न सकिने छैन भन्ने कुरा स्पष्ट पार्न दफा ३० लाई संशोधन गर्नपर्छ ।

## ३. मानवअधिकारको परिभाषा

मानवअधिकार यस विधेयकमा गरिएको व्यवस्थाले प्रयाप्त अन्यौल सिर्जना गर्न सम्भावना छ । संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रत्याभूत व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित अधिकारहरू भन्ने अभिव्यक्ति प्रयोग गर्नाले संविधानमा भएका आयोगको क्षेत्राधिकारभित्र पर्न अधिकारहरूमा नागरिक तथा राजनीतिक अधिकारहरू मात्र पर्दछ भन्ने यर्थाथ हुन सक्छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी क्षेत्राधिकार एवं सबै अन्तराष्ट्रिय मानवअधिकार दस्तावेजमा भएका मानवअधिकारहरूलाई विधेयकमा प्रयोग गरिएका भाषाले उचित रूपमा समेटेको छैन ।

४ आयोगको काममा राज्यको कुनै नियका वा अधिकारीले कुनै प्रकारको हस्तक्षेप, बाधा वा व्यवधान गर्नु हुँदैन र त्यस्तो निकाय वा पदाधिकारीले आयोगको स्वतन्त्रता, स्वायत्तता, निष्पक्षता र मर्यादाको उच्च सम्मान गर्दै आयोगले मागेको सहयोग उपलब्ध गराउनु पर्नेछ ।

यसरी हेर्दा, आयोगको क्षेत्राधिकारको दायरालाई चाहेभन्दा बढी सीमित भएको भनी यर्थाथ गर्न सकिन्छ र यो पेरिस सिद्धान्तले उपलब्ध गराएको फराकिलो परिभाषासँग मेल खाँदैन । पेरिस सिद्धान्तले त्यस्तो राष्ट्रिय संस्थामा मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्न अधिकार निहीत हुने तथा यसलाई सकेसम्म फराकिलो कार्यादेश दिइने व्यवस्था गरिएको छ । राष्ट्रिय मानवअधिकार संस्थाहरूका सर्वत्तम अभ्यासहरूले के सुझाव दिएका छन् भने त्यस्तो संस्थाको कार्यादेशका लागि, मानवअधिकारलाई घरेलु कानुनको सन्दर्भमा मात्र परिभाषा नगरी सम्बद्ध राज्यले सम्मिलन गरेको नगरेको जे भए पनि सबै अन्तराष्ट्रिय मानवअधिकार दस्तावेजहरूको सन्दर्भमा यर्थाथ व्याख्या गरिनुपर्छ ।[५]

त्यसैले, तल दिएअनुसार परिभाषालाई फराकिलो पार्न सुझाव दिइन्छः

“मानवअधिकार भन्नाले संयुक्त राष्ट्रसघीय मानवअधिकार दस्तावेजहरूमा समाहित अधिकारहरू भन्ने बुझिन्छ र त्यसमा नेपालको (अन्तरिम) संविधानको भाग ३ मा भएका मौलिक अधिकारहरू समावेश गरिएको छ तर उजुरी कारबाहीसम्बन्धी कार्यविधिबारे परिच्छेद ३ का सम्बन्धमा, मानवअधिकार भन्नाले नेपाल पक्ष भएको संयुक्त राष्ट्रसंघीय मानवअधिकार दस्तावेजहरूमा समाहित अधिकार भन्ने बुझिन्छ र यसमा नेपालको संविधानको भाग ३ मा भएका मौलिक अधिकारहरू पर्दछ ।”

## ४. आयोगको सदस्यता तथा नियुक्ति

राष्ट्रिय मानवअधिकार संस्थामा सदस्य नियुक्ति गरिने तरिका त्यस्ता संस्थाहरूको स्वतन्त्रता, व्यवसायिकता, इमानदारी र विश्वसनीयतालाई सुनिश्चित गर्नको लागि अत्यन्त महत्वपूर्ण हुन्छ । कार्यकारी निकाय मात्र नभएर व्यवस्थापिका तथा नागरिक समाजलाई पनि संलग्न गराउने पारदर्शी प्रक्रिया हुनुपर्छ र जसमा व्यापक परामर्श गरिएको, तथा उम्मेदवारहरूको सार्वजनिक मनोनयन प्रक्रिया चित्रित भएको हुनुपर्छ समूहगत रूपमा यसको सदस्यतामा लैङ्गिक सन्तुलन, नेपाली समाजको जातीय विविधता र नेपालमा जोखिममा रहेका विभिन्न समुदाय झल्केको हुनुपर्छ ।

नियुक्ति प्रक्रिया विधेयकमा भन्दा पनि अन्तरिम संविधानको धारा १३१ मा उल्लेख गरिएको छ र यसमा आयुक्तहरूमा विविधता, विशेषगरी लैङ्गिक सवालमा, हुनु पर्ने लगायतका केही महत्वपूर्ण विशेषताहरू छन् । नयाँ संविधान निर्माणको प्रक्रियामा यी महत्वपूर्ण विशेषताहरूलाई कायमै राख्नु

[५] राष्ट्रिय मानव अधिकार संस्थाका लागि सर्वोत्तम अभ्यास, कमन वेल्थ सचिवलाय (२००१) ।

आवश्यक भए पनि केही प्रावधानहरूलाई बलियो बनाउनु सान्दर्भिक हुन्छ। उदाहरणका लागि, आयुक्तको रूपमा नियुक्त भएका व्यक्तिहरू राम्रो हैसियत र सम्बद्ध अनुभव भएका व्यक्तिहरू हुनु अत्यन्त वाञ्छनीय हुँदाहुँदै पनि आयोगको सदस्यको पूर्व योग्यताका रूपमा स्नातकोत्तर शैक्षिक योग्यता तोक्नु अनुपयुक्त छ। स्नातकोत्तर शिक्षा प्राप्त गर्न अवसर नपाए तापनि जनस्तरमा वा समुदायको तहमा काम गरेका पूर्व मानवअधिकारवादी सक्रिय कार्यकर्ताहरू पनि आयोगको प्रभावकारी सदस्य हुन सक्दछन्। आधारहरूमा राखिएका प्रावधानहरूले आयोगसमक्ष आउन सक्ने मानवअधिकारसम्बन्धी मुद्दाहरूबारेको सीप तथा अनुभव (जस्तैः प्राविधिक क्षमता र ज्ञान दुवै) को आवश्यकतालाई उल्लेख गरेमा यो कुरालाई अझ राम्रोसँग अभिव्यक्त गर्नसकिन्छ।

प्रस्तुत प्रक्रियाले संवैधानिक परिषद्को सल्लाहमा नियुक्ति गर्न पाउने अधिकार राष्ट्रपतिलाई दिएको छ। हालका नियुक्तिहरू संसदीय सुनुवाइबाट पनि गुज्रेका छन्। संवैधानिक परिषद् अन्य संवैधानिक निकायका लागि सिफारिस गर्न निकाय भएको कुरालाई स्थानमा राखिएको छ। अन्तर्राष्ट्रिय समन्वय समितिद्वारा जोड दिइएअनुसार कार्यतालिका तर्फका बढी सदस्यहरूको उपस्थिति भएको निकायले गरेका नियुक्तिहरूले राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रताको अवमूल्यन गर्न सम्भावना रहने हुनाले यसलाई नयाँ संविधानको मस्यौदा गर्दा गम्भीर रूपमा स्थान दिनुपर्छ।

अन्य सरकारी पदहरू ग्रहण नगरेका आयुक्तहरूमार्फत् स्वतन्त्रता सुनिश्चित गर्न उद्देश्य रहेको प्रावधान राम्रोसँग अभिव्यक्त गरिएको छैन र यसले अवकासप्राप्त आयुक्तहरूलाई आफ्नो पदावधि सकिएपछि सरकारी सेवामा नियुक्त हुनबाट रोक्न सक्नेछ। यस्तो आशय नभएको पनि हुन सक्छ। यसलाई अध्यक्ष वा कुनै सदस्यले आफू अध्यक्ष वा सदस्य हुइन्जेल कुनै पनि सरकारी पद ग्रहण गर्न छैनन् भन्ने हिसाबमा भन्न सकिन्थ्यो।

यसका अतिरिक्त, न त परामर्शमा लागि कुनै व्यवस्था गरिएको छ। न सार्वनिक मनोनयनका लागि नै कुनै सम्भावना छ। यस्तो प्रक्रियाले पेरिस सिद्धान्तले माग गरेअनुसार बहुल प्रतिनिधित्वलाई अधिकतम बनाउने उद्देश्यलाई पूरा गर्नसक्दैन र निश्चित रूपमा यसले आयुक्तहरूको स्वतन्त्रता र विश्वसनीयताका सम्बन्धमा प्रश्नहरू उठाउनेछ। नियुक्ति हुनुभन्दा अघि परामर्शका प्रक्रिया हुनुपर्छ भन्ने कुरालाई मान्यता प्रदान गर्न उपसमिति (आईसीसी एसीए) ले बारम्बार जोड दिएको छ। जतिसक्दो विविध व्यक्तिहरूको

खोजी गर्नाले फाइदै फाइदा मात्र छ र सरोकारवालाहरूसँगको परामर्शको आयोग पेरिस सिद्धान्तअनुसार मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणमा संलग्न गैसस, दार्शनिक/धार्मिक प्रतिनिधिहरू, विश्वविद्यालय, संघ संस्था तथा सरकारी विभागहरू (पछिल्लो चाहिँ सल्लाहकारी हैसियतमा मात्र संलग्न) लगायत सामाजिक शक्ति (नागरिक समाज) को बहुल प्रतिनिधित्व भएको संस्था बन्ने सम्भावनालाई बढाउनेछ ।

पेरिस सिद्धान्तले सदस्यका लागि स्थायी कार्यादेश सुनिश्चित गर्नु पर्ने कुरामा जोड दिएको छ । नियुक्तिका शर्त र सदस्यताका शर्त तथा त्यसको नवीकरण, कामसँगको असङ्गति, पदच्युति र निष्कासनका मुद्दाहरू मूल कानुनमा स्पष्टसँग व्यवस्था गरिनुपर्ने मुद्दाहरू हुन् । कुनै पनि सदस्यलाई आफ्नो सेवासँग नमिल्ने कार्यहरूमा संलग्न भएको आरोप लागेमा निजलाई पदच्युत गर्न सम्भावना हुनुपर्छ तर यस प्रावधान अन्तर्गतका आधारहरूले स्वेच्छाचारी किसिमले सदस्यता अन्त्य गर्न कामको ढोका खोल्नु हुँदैन । नियुक्ति कार्यविधि जस्तै पदच्युत गर्न कार्यविधि खुला र पारदर्शी हुनुपर्छ ।

आयोग तथा उच्चायुक्तको कार्यालयले नियुक्ति कार्यविधि संविधानमै व्यवस्था गरिनुका साथै विधेयकमा पनि त्यसको उल्लेख गरी आयोगमा नियुक्त आयुक्तहरूको स्वतन्त्रता र विश्वसनियताका आधारहरू सुनिश्चित गर्न आवश्यक प्रावधान राख्न सुझाव दिएका छन् । आयोगका सदस्यहरूको नियुक्तिका सम्बन्धमा सिफारिस गर्न विशेष संसदीय समिति जस्ता प्रतिनिधिमूलक र समावेशी समितिको आवश्यकतालगायतका कुराहरू पनि यसमा पर्दछ । यस्तो समितिले नेपालको नागरिक समाजलाई पूर्णरूपमा सामेल गरी व्यापक परामर्श गर्न तथा कुनै पनि सिफारिस गर्न अघि सार्वनिक मनोनयनका लागि प्रक्रिया अपनाउनु आवश्यक छ ।

आफ्नो समायावधि सकिएपछि पनि नयाँ नियुक्ति नहुइन्जेलसम्म आयुक्तहरूले निरन्तर आफ्नो भूमिका निर्वाह गर्न पाउने प्रावधान पनि विधेयकमा समावेश गरिनुपर्छ ।[६] यस किसिमको प्रावधानको उदाहरण न्युजिल्यान्डको कानुनमा पाउन सकिन्छ ।[७] राष्ट्रिय मानवअधिकार संस्थाले आफ्नो आधिकारिक हैसियतमा गरेका कार्यहरूको कानुनी दायित्व संरक्षण गर्न प्रावधानहरू पनि विधेयकमा समावेश गर्नसुझाव दिइएको छ ।

---

[६] राष्ट्रिय मानव अधिकार संस्थाका लागि सर्वोत्तम अभ्यास पृ.१७ मा: आयुक्तको पदावधि समाप्त भएको र तत्काल नयाँ आयुक्तलाई नियुक्त गर्न सम्भव नभएको अवस्थामा नयाँ नियुक्ति नहुन्जेल त्यस्तो अवधिका लागि सेवारत आयुक्तको पदावधिलाई नै निरन्तरता दिनुपर्छ र यस्तो अवधि १२ महिनाभन्दा बढी हुनुहुँदैन ।

[७] न्युजिल्याण्ड मानव अधिकार ऐनको दफा १००४ हेर्नुहोस् ।

# ५. कार्यसंचालन स्वतन्त्रता

## ५.१ कर्मचारी

पेरिस सिद्धान्तअनुसार राष्ट्रिय मानवअधिकार संस्थालाई सरकारबाट स्वतन्त्र हुन र संस्थाको निष्पक्षता तथा विश्वसनीयतालाई अझ सुनिश्चित गर्नत्यस्तो संस्थालाई आफ्नै कर्मचारी चाहिन्छ। त्यसैगरी, अन्तराष्ट्रिय समन्वयकारी समितिको औपचारिक मान्यता प्रदान गर्नसम्बन्धी उपसिमितिको सामान्य टिप्पणीले देहायको कुरामा पनि जोड दिएको छः “सिद्धान्ततः राष्ट्रिय मानवअधिकार संस्थाहरूलाई आफ्नै कर्मचारी नियुक्त गर्नअधिकार सम्पन्न बनाइनुपर्छ” तसर्थ विधेयकले आफ्नो कार्यर्चालन स्वतन्त्रता सुनिश्चित गर्न सचिवलगायतका कर्मचारी नियुक्ति गर्न तथा सम्बद्ध पेसागत सीप र अनुभव भएका कर्मचारी नियुक्ति गर्नक्ने तुल्याउन आयोगलाई अधिकार सम्पन्न बनाउनुपर्छ यी कार्यविधिका सम्बन्धमा, आयोगले लोकसेवा आयोगको सल्लाह तथा सेवाहरूको उपयोग गर्नसक्छ। तर, आफ्ना कर्मचारी नियुक्त गर्नपाउने अख्तियारी भने आयोगमा हुनुपर्छ।

उत्तिकै महत्वपूर्ण कुरा के हो भने आयोगका कर्मचारीहरूले जाति र लिङ्गका सम्बन्धमा नेपाली समाजको विविधतालाई प्रतिविम्बित गर्न कुरा सुनिश्चित गर्न आवश्यक छ भन्ने कुरा विधेयकमा समावेश हुनुपर्छ दलित, आदिवासी समुदाय तथा महिलाजस्ता विशिष्ट समुदायहरूको न्यून प्रतिनिधित्व तथा ऐतिहासिक सीमान्तीकरणलाई हेर्दा नेपालमा यो कुरा विशेषगरी महत्वपूर्ण छ। समानतालाई प्रवर्द्धन गर्न तथा विभेदविरुद्ध लड्ने कार्यादेशसहितको नेपालमा अधिकारसँग सम्बन्धित प्रमुख निकायका रूपमा राष्ट्रिय मानवअधिकार आयोगले यस सम्बन्धमा सकारात्मक उदाहरण बन्नुपर्छ र यसका लागि उसका कर्मचारीहरूले नेपाली समाजको विविधतालाई प्रतिविम्बित गर्न कुरा सुनिश्चित गर्न कानुनी व्यवस्था हुनुपर्छ।

## ५.२ कोष

पेरिस सिद्धान्तअनुसार कुनै पनि राष्ट्रिय मानवअधिकार संस्थासँग पर्याप्त कोष हुनुपर्छ र सो राष्ट्रिय मानवअधिकार संस्थोलाई सरकारबाट स्वतन्त्र बनाउन र त्यसको स्वतन्त्रतामा प्रभाव पार्न सक्ने कुनै पनि आर्थिक नियन्त्रणमा पर्न नदिन उसलाई आफ्नै कर्मचारी र घरजग्गा राख्न पाउने त्यो कोषको उद्देश्य हुनुपर्छ।[८] राष्ट्रिय मानवअधिकार संस्थाको बजेट संसद्द्वारा स्वीकृत

[८] पेरिस सिद्धान्तको सिद्धान्त २ (स्वतन्त्रता र बहुलताको संरचना र प्रत्याभूति) ले ‘राष्ट्रिय संस्थासँग आफ्ना गतिविधिको सहज सञ्चालनका लागि सुहाउँदो पूर्वाधार हुनेछ अर्थात् योसँग पर्याप्त कोष हुनेछ। यो कोषको उद्देश्य सरकारबाट स्वतन्त्र भई आफ्नो स्वतन्त्रतालाई असर पार्ने आर्थिक नियन्त्रण गर्न नदिन यसलाई आफ्नै कर्मचारी र परिसर राख्न पाउने बनाउनु हो’ भन्ने उल्लेख गरेको छ।

तथा निर्णय हुनु र राज्यको बजेटबाटै सीधै आउनु महत्वपूर्ण हुन्छ । यो बजेट सञ्चालन खर्च (घरजग्गा, फिल्ड कार्यालय, तलब, आदि) एवं अन्य गतिविधि (जस्तैः अनुगमन, अनुसन्धान, शिक्षा र क्षमता अभिवृद्धि गतिविधि) गर्न पर्याप्त हुनुपर्छ त्यस्तो संस्थालाई खुला र स्वतन्त्र रूपमा कर्मचारी राख्न तथा मानवअधिकार विशेषज्ञ भर्ना गर्नपाउने अधिकार हुनु महत्वपूर्ण हुन्छ । वित्तीय स्वतन्त्रता नभए त्यसले संस्थाको प्रभावकारितालाई अवमूल्यन गर्नसक्छ ।

विधेयकमा आयोगको कोषसँग सम्बन्धित कुनै पनि प्रावधान छैन । राष्ट्रिय मानवअधिकार आयोगलाई पर्याप्त मात्रामा आर्थिक सहयोग प्राप्त होस् भन्ने कुरा सुनिश्चित गर्न आयोगको कोषमा के के हुन्छ, तिनका स्रोतहरू के हुन्, इत्यादि कुरा भएका प्रावधान राष्ट्रिय मानवअधिकार संस्थाको कानुनमा राख्ने चलन सामान्य हो । "पर्याप्त" भनेको के हो भनेर परिभाषा गर्न समस्याप्रद हुन सक्ने भए पनि केही व्यवस्थापिकाहरूले यसको प्रावधान राखेका छन् । उदाहरणार्थ फिजीको मानवअधिकार आयोग कानुनमा सम्बद्ध मन्त्रीले" संघले आयोगका लागि विनियोजन गरेको रकम आयोगका कार्य सम्पादन गर्नतथा आयोगको स्वतन्त्रता र निष्पक्षता कायम राख्न पर्याप्त छ भन्ने कुरा सुनिश्चित गर्नसकेसम्म प्रयत्न" गर्नुपर्छ ।

यसरी, विधेयकमा आयोगले राज्यलाई आफ्नो कार्यसञ्चालनका लागि पर्याप्त रकम उपलब्ध गराउनु पर्ने प्रावधानसमेत राखेर उसको कार्यर्चालन स्वतन्त्रता सुनिश्चित गर्नचाहिने खालको नियन्त्रण प्रदान गर्नएवं राष्ट्रिय मानवअधिकार संस्थालाई उसको दैनिक कार्यसञ्चालनमा अझ बढी वित्तीय स्वायत्तता प्रदान गर्न विधेयकमा बढी स्पष्ट प्रावधान राखिनुपर्छ ।

त्यसबाहेक, आर्थिक विषयमा हुने सम्झौताहरूमा अर्थमन्त्रालयको स्वीकृति लिनुपर्ने प्रावधान (विधेयकको दफा २०(२) ले आयोगको स्वतन्त्रतामा बाधा पुर्‍याउने हुनाले यसलाई हटाइनुपर्छ तर, अर्थमन्त्रालयले सहायताको प्रवाहलाई अनुगमन गर्न बेमनासिब हुँदैन र प्रावधानमा त्यस्तो सम्झौताबारे आयोगले मन्त्रालयलाई जानकारी दिनुपर्ने हुन सक्छ ।

## ६. काम, कर्तव्य र अधिकार

राष्ट्रिय मानवअधिकार संस्थासम्बन्धी कानुनले त्यस्तो संस्थाको भूमिका, अधिकार तथा कार्यादेशलाई सकेसम्म व्यापक रूपले स्पष्ट रूपमा उल्लेख गर्न महत्वपूर्ण हुन्छ । प्रारम्भिक संवैधानिक प्रस्तावहरू र विधेयकमा आयोगलाई बाँडफाँट गरिएका कामहरूका सम्बन्धमा ठूला खाडलहरू रहेका छन् ।

त्यसबाहेक, काम, कर्तव्य र अधिकार सम्बन्धी दफा ४ का अतिरिक्त आयोगको कामसम्बन्धी विधेयकमा अन्य दफाहरू पनि छन्। उदाहरणार्थ राय वा परामर्श दिन सक्ने प्रावधान भएको दफा ६ अन्योल हटाउन कामसम्बन्धी सबै प्रावधानहरू कानुनको एउटै दफामा स्पष्टसँग एकीकृत गरी राख्नुपर्छ।

आयोगको प्रभावकारी सञ्चालनका लागि देहायका काम वा कार्यादेश विधेयकको यस दफामा समावेश गर्न महत्वपूर्ण हुन्छः

- विधेयकमा आदेश, निर्देशन आदिको पालना नगरेर, अवरोध पुऱ्याएर, हस्तक्षेप गरेर वा प्रतिशोधमार्फत् राष्ट्रिय मानवअधिकार आयोगलाई उसको कार्यादेश प्रयोग गर्नका उपयुक्त ढङ्गबाट सहयोग नगर्न राज्य अधिकारीहरू विरुद्ध प्रशासनिक दण्डजस्ता सजाय गर्न अधिकारसमेत दिएर सरकार तथा अन्य राज्यअधिकारीहरूले आयोगलाई सहयोग गर्नपर्न कर्तव्य तोक्ने प्रावधान राखिनुपर्छ।[९] आयोगले दिएका सुझावहरूको पालना गर्न वा कार्यान्वयन गर्न जुनसुकै अधिकारी, कर्मचारी वा निकायको नाम सार्वनिक गर्न आयोगको सकारात्मक दायित्वले यसको पूरकको रूपमा काम गर्नसक्छ (विधेयकको दफा ७ ले पालना नगर्नहरूका लागि त्यस्तै व्यवस्था गरेको छ।

- अन्तर्राष्ट्रिय दस्तावेजसँग सम्बन्धित कार्य केही साँघुरो छ र यसले, उदाहरणका लागि, अनुमोदनलाई हटाउने आदि काम गर्न कुराको परिकल्पना गरेको छैन। न त यसले यूपीआर प्रक्रिया वा क्षेत्रीय मानवअधिकार संयन्त्र क्षेत्रीय स्तरमा कुनै त्यस्तो संयन्त्र तयार भएको भएमा समानान्तर प्रतिवेदन वा सहभागितालाई अनुमति नै दिनेछ। आयोगलाई मानवअधिकार परिभाषा, संयुक्त राष्ट्रसंघीय सन्धि निकायहरू तथा विशेष कार्या देशवाहक र संयुक्त राष्ट्रसंघीय निकाय लगायतका अन्तराष्ट्रिय सङ्गठनहरूसँग सहयोग गर्न र संलग्न हुनपाउने कार्यादेश दिनुपर्छ।

- अन्तराष्ट्रिय मानवअधिकार संयन्त्रहरूका लागि तयार पारिएका सरकारी प्रतिवेदनहरूका सम्बन्धमा आयोगलाई सरकारलाई सल्लाह दिन पाउने पूर्णअधिकारक्षेत्र हुन्छ भनी दफा ६ अन्तर्गतको कामलाई प्रस्ट पारिनुपर्छ साथै, आयोग आफैले यस्तो प्रतिवेदन तयार गर्दैन र यो सरकारको जिम्मेवारी हो भन्ने कुरा पनि प्रष्ट पार्नुपर्छ।

---

[९] राष्ट्रिय संस्थाहरुका लागि सर्वोत्तम अभ्यास पृ. २१ राष्ट्रिय मानव अधिकार संस्थाहरुसँग प्रमाण देखाउन अस्वीकार गर्ने जस्ता अनुसन्धानमा असहयोग अवरोध गर्ने वा सताउने कार्यलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने अधिकार हुनुपर्छ। त्यस्तो प्रावधानको उदाहरणका लागि राष्ट्रिय मानवअधिकार आयोग ऐन १९९१ थाइल्यन्डको दफा ३५ हेर्नुहोस्।

- आयोगलाई कुनै पनि बेला विशेषज्ञहरूको सेवा लिन पाउने, थप प्रमाण सङ्कलन गर्नपाउने वा साक्षीहरूलाई समाधान गर्न पाउने वा कुनै पनि बेला सार्वनिक सुनुवाई गर्न पाउने अधिकार हुनुपर्छ विधेयकको दफा १२ (३)अनुसार आयोगले दफा ११ अन्तर्गत प्रारम्भिक जाँचबुझ र दफा १२(१) अनुसार अनुसन्धान पूरा गरेपछि मात्र यी गतिविधि गर्न पाउँछ ।

- आयोगलाई एमिकस क्युरीको रूपमा अदालतको अनुमतिले मानवअधिकारसम्बन्धी अदालतको कारबाहीको क्रममा ससुषिप्त जानकारी उपलब्ध गराउन दिनुपर्छ सिद्धान्ततः कार्यपालिकाले आयोगलाई अदालतको मित्रको हैसियत दिनुपर्छ ।

- दफा ४(१) (क) मा हाल तोकिएको “कारागार” का अतिरिक्त आयोगलाई” अन्य हिरासत केन्द्रहरू, थुनास्थल” को भ्रमण गर्न विशेष रूपमा अधिकार दिनुपर्छ ।

- मानवअधिकारसँग सम्बन्धित कानुनहरूको तर्जमा गर्नवा संशोधन गर्न र अन्तराष्ट्रिय वा क्षेत्रीय मानवअधिकार सन्धिमा नेपाल पक्ष बन्ने कुरासँग सम्बन्धित विषयहरूमा राष्ट्रिय मानवअधिकार आयोगसँग परामर्श गर्न कर्तव्य पनि सरकारकै हुनुपर्छ आयोगलाई नेपालमा मानवअधिकारको प्रवर्द्धन र संरक्षणका सम्बन्धमा सुझाव दिने उद्देश्यले सरकारका नीति तथा कार्यक्रमहरूको समीक्षा गर्न कार्यादेश पनि आयोगलाई दिइनुपर्छ ।

- केही प्रावधानहरू अनावश्यक रूपमा प्रशासनिक ढिलासुस्ती र जटिलता र्याउने खालका पनि छन् र त्यसले आयोगलाई औपचारिकता र प्रक्रियातर्फ मोड्न सक्छ । यसको एउटा उदाहरण हो आयोगको बैठक “कम्तीमा महिनाको दुईपटक” हुनुपर्न व्यवस्था । कतिपटक बैठक गर्न, के प्रयोजनका लागि र कहाँ गर्न भन्ने निर्णय आयोगलाई नै गर्न दिनुपर्छ र लोकतन्त्रको हितमा अधिकांश आयुक्तहरूलाई बैठकको माग गर्नपाउने अधिकार दिइनुपर्छ त्यसबाहेक, मुख्य ऐनमा भन्दा पनि त्यर्ता विवरणहरू आन्तरिक नियमावलीहरूमा समावेश गर्न राम्रो हुन सक्छ ।

## ७. उजुरीसँग सम्बन्धित कार्यविधि

समग्रमा, विधेयकमा उजुरी प्रक्रियासम्बन्धी जटिल प्रावधानहरू छन् र तीमध्ये सबै एकनासका छैनन् । तिनले केही प्रशासनिक जटिल प्रक्रिया लाग्छन् । के कुरा सम्झन योग्य छ भने अदालतको तुलनामा राष्ट्रिय मानवअधिकार संस्थाहरूको एउटा फाइदा तिनले न्यायिक प्रणालीका धेरैजसो औपचारिकता बिना नै आफ्नो काम गर्न सक्छन् र यसरी सबैतिरका अदालती

प्रणालीहरूमा व्यापक रूपमा हुने ढिलाइ र खर्चबाट बच्छन् भन्ने हो। सामान्यतया दफा ३२ अनुसार आफ्ना नियम तथा विनियम बनाउने र दफा १२(४) बमोजिम कार्यविधि तयार पार्न काम आयोगलाई नै छोडि दिनुपर्छ आयोगले पछि विस्तृत कार्यविधिको परिभाषा गर्नु छ भन्ने सोचेर उजुरी प्रक्रियालाई उल्लेख्य रूपमा सरल बनाउनु आवश्यक छ।

संविधानको धारा १३२ अनुसार आयोगलाई उजुरी नपर्खी अनुसन्धान सुरु गर्न अधिकारलगायत विधेयकको (भाग ३) मा तोकिएको भन्दा बढी अनुसन्धान सुरु गर्न बृहत्तर अधिकारहरू छन्। धेरै राष्ट्रिय मानवअधिकार संस्थाहरूलाई आफ्नै स्वविवेकमा यस्तो गर्नपाउने अधिकार छ र छिटो कारबाही थाल्न यो प्रायः उपयोगी साबित भएको छ। उदाहरणका लागि, सञ्चार माध्यमबाट प्रकाशमा आएका स्पष्ट उल्लंघनका घटनामा। आफ्नै स्वविवेकमा काम गर्न पाउने यस्तो जिम्मेवारीलाई विधेयकमा स्वीकार गरिनु पर्छ र यो काम आफ्नै पहलमा सुरु गरिएको उजुरीलगायतका लागि उजुरी कार्यविधिलाई नियमन गर्न अधिकार आयोगलाई प्रदान गरेर व्यवस्था गर्न सबभन्दा राम्रो हुनेछ।

उल्लंघन भएको ६ महिनाभित्र उजुरी दायर गरिसक्नु पर्न दफा १०(५) मा भए जस्तो र्याद प्रायः समस्याग्रस्त साबित हुने गरेको छ। घटना भएको धेरै वर्षसम्म पनि सामान्य कुरामा आयोगले अल्झिरहनु नपरोस् भनेर केही सीमा हुनु निश्चय नै वाञ्छनीय हुन्छ। तर, प्रायः मानिसहरूले आफू उजुरी गर्न अवस्थामा पुग्न ६ महिनाभन्दा बढी समय लगाउँछन् वा उनीहरूलाई त्यस्तो संयन्त्रहरूबारे थाहा पनि नहुन सक्छ। भौगोलिक अवस्था, जनचेतनाको स्तर तथा दण्डहीनताको संस्कृतिले गर्दा पीडितहरूले कुनै पनि न्यायिक उपचार वा राष्ट्रिय मानव अधिकार आयोग लगायतको संयन्त्रमा तुरुन्त पहुँच पाउने क्षमता कम हुने नेपाल जस्तो कठिन परिस्थितिमा यो कुरा विशेष गरी स्पष्ट छ। त्यसैले, आयोगमा मानवअधिकार उल्लंघनसम्बन्धी उजुरी दर्ता गर्नकुनै पनि समयसीमाको व्यवस्था विधेयकमा गरिनु हुँदैन।

आयोगलाई अनुसन्धानका लागि भनेर आएका उजुरी अस्वीकार गर्न पाउने स्वविवेक पनि प्रदान गरिनु पर्छ तर पर्याप्त प्रमाणहरू प्रकट भएमा पुनः उजुरी गर्न सकिने छ। कुनै खास विषयको अनुसन्धान गर्न क्षेत्राधिकार नभएको अथवा उजुरीमा स्पष्ट कुनै आधार नहुनाले आयोगले त्यस्तो निर्णय गर्नसक्छ। पूर्णरूपमा आफ्नो क्षेत्राधिकारभित्र नपर्न वा अन्य मञ्चहरूमा अझ उपयुक्त ढङ्गबाट सम्बोधन गर्नसकिने विषयमा उल्लेख्य संसाधन खर्च गर्नबाट जोगिन उजुरीका लागि उपयुक्त छनोट प्रक्रिया हुनु आयोगका लागि महत्वपूर्ण हुन्छ। आयोगले उपयुक्त घटनाहरूमा कुनै पनि उजुरीलाई

अधिकारप्राप्त अधिकारी कहाँ पठाउन पाउने प्रावधान पनि हुनुपर्छ । उदाहरणार्थ आयोगको कार्या देशभन्दा बाहिर रहेको तर अर्को निकायको कार्यादेशभित्र पर्न उजुरी । तर, आवेदनहरूलाई खारेज गर्दा नयाँ प्रमाणहरू फेला परेमा पुनः उजुरी दर्ता गर्न पाउने गरी उजुरी कर्ताहरूको क्षमतामा प्रतिकूल प्रभाव नपारिकन हुनुपर्छ ।[१०]

मस्यौदा विधेयकको दफा १० ले आवेदन वा उजुरी भर्नाले पीडित व्यक्ति आफैले वा निजका तर्फाट कसैले दायर गरेको कुरालाई जनाउँछ भनी उल्लेख गरेको छ । पीडित वा पीडितहरूको समूहका तर्फबाट कुनै सङ्गठनले उजुरी दर्ता गर्न पाउने गरी प्रतिनिधित्व गर्न कामलाई समेत समावेश गरी यसलाई फराकिलो बनाइनु पर्छ । सन् २००७ को मस्यौदामा व्यवस्था गरिएको उजुरीको भाषा (दफा १४(४) आवेदन वा उजुरी कुनै पनि भाषामा आयोगमा दर्ता गर्न सकिनेछ) सँग सम्बन्धित प्रावधान प्रस्तुत विधेयकबाट हटाइएको कुरामा समेत आयोग तथा उच्चायुक्तको कार्यालयको ध्यानाकर्ष भएको छ । पीडितहरूलाई आयोगको क्षेत्राधिकारमाथि अझ बढी पहुँच पाउन सक्ने बनाउन त्यस्तो प्रावधानलाई पुनः समावेश गर्नपर्न आवश्यकतामाथि आयोग तथा उच्चायुक्तको कार्यालयले जोड दिएका छन् ।

अधिकारीहरूलाई सजाय दिएर वा क्षतिपूर्ति प्रदान गरेर बाहेक उजुरीहरूलाई कसरी समाधान गर्न वा कानुनी उपचारात्मक कारबाही गर्न भन्ने कुरा उजुरीसम्बन्धी कार्या प्रावधानहरूमा कुनै उल्लेख छैन । कुनै अधिकारीलाई मानवअधिकार उल्लङ्घनका लागि सजाय दिनाले पीडितहरूलाई केही सन्तुष्टि हुन सक्छ र क्षतिपूर्तिको प्रावधानले तिनको स्थितिमा सुधार ल्याउन र पीरमर्काको समाधान गर्नका केही मद्दत पनि गर्नसक्छ । तर, उजुरीका कारणहरूको समाधानका लागि राज्य निकायले कानुनी उपचार प्रदान गर्ने कदमहरूबारे आयोगले सुझाव दिन पाउने प्रावधान राखेर यसमा थप सुधार गर्नसकिन्छ र यसले भविष्यमा यस प्रकारको कुरा दोहोरिनबाट बच्न सकिन्छ ।

दफा १३ ले उजुरी खारेज गर्न वा तामेलिमा राख्न सक्ने व्यवस्था गरेको छ । कुनै केस फाइललाई कतिसम्म तामेलिमा राख्न सकिन्छ भन्नेबारे कानुनले तोक्नु महत्वपूर्ण हुन्छ । मुद्दालाई तामेलिमा राख्दै जाने वा समाधान नगर्न कामबाट बच्नुपर्छ

[१०] अरु कानुनहरुमा अझ विस्तृत प्रावधान पाउन सकिन्छ उदाहरणार्थ मानव अधिकार र न्याय प्रदायकका लागि टिमोर लेस्टेको विधान दफा ३७ (३) वा फिजी मानव अधिकार आयोग ऐन १९९१ को दफा २७ आफ्नो क्षेत्राधिकारभित्र नपर्ने वा अन्य मञ्चहरुमा उपयुक्त ढङ्गबाट सम्बोधन गर्न सकिने विषयमा उल्लेख्य संसाधन खर्च गर्नबाट जोगिन आवेदनका लागि उपयुक्त छनोट प्रक्रिया हुनु आयोगका लागि महत्वपूर्ण हुन्छ ।

## ८. सेनासम्बन्धी क्षेत्राधिकार

सेनाका सम्बन्धमा आयोगको क्षेत्राधिकारबारे प्रस्तावित विधेयक अस्पष्ट रहेकोमा आयोग तथा उच्चायुक्तको कार्यालय चिन्तित छन् । अन्तरिम संविधान धारा १३२(४) ले सैनिक ऐनको क्षेत्राधिकारको विषयमा राष्ट्रिय मानवअधिकार आयोगलाई क्षेत्राधिकार हुनेछैन भनी उल्लेख गरे तापनि मानवअधिकार वा मानवीय कानुनको उल्लंघन भएको विषयमा कारबाही चलाउन बाधा पर्न छैन भनी थप उल्लेख गरेको छ । सेनाका सबै अधिकृत तथा कर्मचारीलगायत राज्यका जुनसुकै अधिकारीहरू जिम्मेवार भएको आशङ्का गरिएको भए तापनि कथित मानवअधिकार उल्लंघनका घटनाहरू भएमा आयोगले अनुसन्धान गर्नपाउने कुरा सुनिश्चित गर्न यस विषयलाई विधेयक र नयाँ संविधानमा स्पष्ट पारिनुपर्छ ।

## ९. आयोगका निर्णय र सुझावहरूको कार्यान्वयन

विधेयक दफा १७ ले आयोगका निर्णयहरूको हैसियत के हुन्छ भन्ने कुरा स्पष्ट पारेको छैन । विश्वव्यापी रूपमा हेर्दा केही राष्ट्रिय मानवअधिकार संस्थाहरूलाई विशिष्ट अर्धन्यायिक अधिकार दिइएको पाइन्छ र तिनले कानुनको सीमाभित्र रही व्याख्यात्मक निर्णय गर्न सक्छन् । अन्य निकायहरू आवेदकलाई निजलाई उपलब्ध न्यायिक उपचारहरूबारे जानकारी दिन, त्यस्ता उपचारबारे निजको पहुँच तथा अन्य अधिकारप्राप्त राज्य अधिकारी कहाँ घटनाहरू स्थानान्तरण गर्नमा सीमित हुन्छन् । आयोगलाई व्याख्यात्मक निर्णयहरू गर्न पाउने अधिकार दिने कि नदिने भन्ने सम्बन्धमा स्पष्टताको आवश्यकता छ र त्यस्तो अवस्थामा निर्णयहरू पालना गराउने संयन्त्र पनि स्थापना गरिनुपर्छ ।

विधेयकमा आयोगलाई सीधै व्याख्यात्मक निर्णयहरू गर्न पाउने अधिकारको व्यवस्था गर्नवा निर्णयहरूलाई व्याख्यात्मक निर्णयमा परिवर्तन गर्न कार्यविधिको व्यवस्था गर्न आयोग तथा उच्चायुक्तको कार्यालयले सुझाव दिएका छन् । यो कुरा अदालतमा निर्णयहरू रेफर गर्न संयन्त्र मार्फत पूरा गर्न सकिन्छ र त्यसपछि सम्बद्ध अदालतद्वारा भएका निर्णयहरूको छनोट तथा दर्ता हुनुपर्छ अन्योल हटाउन, सम्बन्धित उजुरीहरू उपयुक्त अधिकारीहरू कहाँ रेफर गर्न आयोगको अधिकारलाई एउटै प्रावधानमा सम्बोधन गर्नका साथै त्यसलाई स्पष्ट पारियोस् भनी सुझाव पनि दिइएको छ ।

## १०. क्षतिपूर्ति

विधेयकको दफा १६ ले मानवअधिकार उल्लंघनका पीडितहरूका लागि क्षतिपूर्तिसँग सम्बन्धित मुद्दाहरूलाई समेटेको छ । यस्ता विवरणहरू केन्द्रीय ऐनमा भन्दा नियमावलीमा नै समावेश गर्न राम्रो हुनसक्छ । त्यसबाहेक,

क्षतिपूर्तिको प्रावधानमा रहेका बन्देजहरू विधेयकअनुसार जारी भएको आयोगका निर्णयका सम्बन्धमा क्षतिपूर्तिस्वरूप पहिल्यै गरिएको भुक्तानीमा मात्र लागू हुन्छ भनी दफा १६(४) मा स्पष्ट पारिनुपर्छ अर्को कानुनी व्यवस्था अन्तर्गत भएको क्षतिको सीमित पक्षका लागि पीडित व्यक्तिले पाएको भुक्तानीको कुराले यस ऐन अन्तर्गत पूर्णरूपमा उपयुक्त क्षतिपूर्ति प्राप्त गर्न क्षमतालाई हानि पुऱ्याउनु हुँदैन । त्यसबाहेक, विधेयकले पीडित व्यक्तिको मृत्यु भएको खण्डमा नेपालको उत्तराधिकारीसम्बन्धी कानुनसँग अनुकूल हुनेगरी पीडितको उत्तराधिकारीलाई क्षतिपूर्ति रकम उपलब्ध गराइनुपर्छ भनी विधेयकले स्पष्ट पार्नपर्छ प्रत्यस्थापन, पुनर्स्थापन, सन्तुष्टि तथा नदोहोरिने कुराको प्रत्याभूतिलगायत अन्तराष्ट्रिय दर्तावेजहरूमा परिभाषित विभिन्न प्रकारका हर्जानालगायत क्षतिपूर्तिका आदेशहरू जारी गर्न अधिकार बृहत्तर हुनु पनि महत्वपूर्ण छ ।[११]

## ११. उजुरीकर्ता तथा साक्षीहरूको संरक्षण

हानि वा नकारात्मक परिणामको कुनै डर त्रास नलिई मानवअधिकार उल्लंघनबारे आयोगलाई जानकारी वा प्रमाण उपलब्ध गराउन आफन्त वा सहयोगी लगायत उजुरीकर्ता तथा साक्षीहरूले आफूलाई सुरक्षित महसुस गर्न अत्यन्त महत्वपूर्ण हुन्छ । साक्षीको संरक्षण राज्यको जिम्मेवारी भए पनि यस ऐन अन्तर्गतका आफ्ना अधिकारहरूको प्रयोग गर्न र आयोगलाई जानकारी उपलब्ध गराउने व्यक्तिहरूलाई संरक्षण उपलब्ध गराउन विधेयकमा विशिष्ट प्रावधानहरू समावेश गरिनुपर्छ पीडित संरक्षणसम्बन्धी उपायलाई अभिवृद्धि गर्न केही निश्चित परिस्थितिहरूमा अज्ञात रहन पाउने प्रावधान हुनुपर्छ अस्ट्रेलियाली मानवअधिकार तथा समान अवसर आयोग ऐन १९८६ को दफा १४(२) मा यसको उदाहरण पाउन सकिन्छ ।[१२]

## १२. संसद्लाई प्रतिवेदन बुझाउने कार्यतथा सरकारसँगको सञ्चार

वार्षिक प्रतिवेदनको प्रावधानसँग सम्बन्धित आयोगका दायित्वहरू संविधानमा भन्दा विधेयकमा राख्नु बढी उपयुक्त हुनेछ । हाल यस्तो प्रावधान संविधानमा गरिएको छ (अन्तरिम संविधानको धारा १३३) । आयोगको वार्षिक प्रतिवेदनले

[११] हेर्नुहोस् अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको घोर उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनका गम्भीर उल्लंघनबाट पीडितहरुका लागि न्यायिक उपचार तथा परिपूरणको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आधारभूत सिद्धान्त तथा मार्गनिर्देशनहरु महासभा प्रस्ताव ६० १४७ २००६ सिद्धान्तहरु १५-२३ ।

[१२] आयोगले (क) आयोगमा उजुरी दर्ता गर्ने, वा (ख) आयोगमा वा आयोगको तर्फबाट कार्य गर्ने व्यक्तिलाई १. जानकारी उपलब्ध गराउने वा सो उपलब्ध गर्न प्रस्ताव गर्ने, २ कुनै दस्तावेज उपर उपलब्ध गराउने वा सो उपलब्ध गर्न प्रस्ताव गर्ने, ३. प्रमाण उपलब्ध गराउने वा सो उपलबध गर्न प्रस्ताव गर्ने वा ४. कुनै सूचना उपलब्ध गराउने वा सो उपलब्ध गर्न प्रस्ताव गर्ने व्यक्तिको नामलाई सो व्यक्तिको रोजगारी, गोपनीयता वा कुै मानव अधिकारको रक्षा गर्नका लागि गोप्य राख्नुपर्ने विचार गरेमा आयोगले त्यस्तो व्यक्तिको पहिचानलाई प्रकाशमा ल्याउने कार्य निषेध निर्देशन दिन सक्नेछ ।

आयोगका सबै गतिविधिलाई पनि समेट्नु महत्वपूर्ण हुन्छ र आयुक्तहरूलाई आफूलाई उपयुक्त लागेको कुरा प्रतिवेदन गर्नपाउने स्वतन्त्रता हुनेगरी विधेयकको मस्यौदा गरिनुपर्छ ।

हालका संवैधानिक प्रावधानहरूले वार्षिक प्रतिवेदनबारे संसद्मा बहस गर्न प्रक्रियाका सम्बन्धमा व्यवस्था गरेका छैनन् । अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यासहरूसँग मेल खानेगरी आयोगलाई संसद्मा प्रतिवेदनहरू टेबुल गर्नपाउने स्पष्ट अधिकार भएको भए वाञ्छनीय हुन्थ्यो र व्यवस्थापिकाको कार्यप्रबर्द्धन हुन्थ्यो । कम्तीमा पनि प्रधानमन्त्रीले बहसका लागि त्यसलाई टेबुल गर्न व्यवस्था गरी ती प्रावधानमा सुधार गर्न सकिन्छ । आयोगका सुझावहरूलाई राज्यका निकाय वा विभागहरूले पालना गर्न नसकेको अवस्थामा यो प्रावधान विशेष उपयोगी हुनसक्छ । आफ्ना वार्षिक प्रतिवेदनहरूबारे आयोगलाई सार्वजनिक बैठक गर्न लगाउने प्रावधान निष्कर्षहरूको प्रचारप्रसार गर्न तथा बहसलाई प्रबर्द्धन गर्न उपयोगी हुनसक्छ । मङ्गोलियाली मानवअधिकार आयोगले यस्ता बैठकहरू सञ्चालन गर्छ र फिजीको कानुनले पनि आफ्नो राष्ट्रिय मानवअधिकार संस्थालाई यस्तो गराउने विशिष्ट प्रावधान राखेको छ ।[१३] आयोगले आफ्नो स्वविवेकमा संसदमा टेबुल गरिने अन्य प्रतिवेदनहरू तयार गर्न पाउने अधिकार पनि त्यस्तो प्रावधानमा समावेश गरिनुपर्छ भनी सुझाव दिइएको छ ।

आयोगलाई सरकारका सम्बन्धित मन्त्रालय, निकाय वा अधिकारीसँग सीधै सम्पर्क राख्न पाउने अधिकार हुनु महत्वपूर्ण हुन्छ । यसले आयोगको काम कारबाहीलाई शीघ्र रूपमा अगाडि बढाउन, ढिलासुस्तीलाई कम गर्न र सम्वाद तथा उपचारात्मक कार्याई प्रवर्द्धन गर्नमा योगदान पुऱ्याउँछ । त्यसैले, कुनै विशेष मन्त्रालय वा अधिकारीमार्फत् सञ्चार सम्पर्क स्थापित गर्नभन्दा आयोगले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई यस्तो पत्रको एक प्रति उपलब्ध गराएर प्रत्यक्ष सम्पर्क स्थापित गर्न पाउने गरी धारा ३१ लाई संशोधन गरिनुपर्छ ।

## १३. अन्य संस्थाहरूसँग सहकार्य

पेरिस सिद्धान्तले राष्ट्रिय मानवअधिकार संस्थाले मानवअधिकारको संरक्षण तथा प्रबर्द्धनमा सक्षम रहेका संयुक्त राष्ट्रसंघ तथा राष्ट्रसंघीय प्रणालीअन्तर्गका अन्य सङ्गठनहरू, क्षेत्रीय संस्था तथा राष्ट्रिय संस्थाहरूसँग सहकार्य गर्नपर्छ भन्ने कुरा उल्लेख गरेको छ । कुनै पनि सफल राष्ट्रिय मानवअधिकार

[१३] फिजीको कानुनमा "संसदका दुवै सदनमा वार्षिक प्रतिवेदन टेबुल गरेपछि आयोगले वार्षिक प्रतिवेदनका विषयवस्तु तथा वर्षभरिको आफ्नो कामबारे छलफल गर्न आफूले तोकेको समय तथा स्थानमा सार्वजनिक बैठकको आयोजना गर्नुपर्दछ" भन्ने उल्लेख गरिएको छ ।

संस्थाले एक्लै काम गर्दैन बरु विभिन्न मानवअधिकार साझेदारहरूसँग सहयोग तथा सहकार्य स्थापना गरी तिनलाई सुदृढ गर्न काम गर्छ। यस सम्बन्धमा, दफा २०(३) मा उल्लिखित कुनै विदेशी संघ वा संस्थाले नेपालभित्र मानवअधिकारको संरक्षण र सम्बर्द्धनसम्बन्धी कुनै कार्यक्रम सञ्चालन गर्न चाहेमा तोकिए बमोजिम आयोगको सहयोग लिनु पर्नेछ भन्ने प्रावधान अनुपयुक्त छ। संविधान तथा राष्ट्रिय मानवअधिकार आयोग ऐनमा प्रयोग भएको भाषाले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय निकाय र मानवअधिकारसँग सम्बन्धित निकायहरूसँगको सहकार्य तथा संलग्नतामा जोड दिनुपर्छ मानवअधिकारसम्बन्धी काम परिपूरक भएको कुरालाई हेर्दा, यस्तो प्रावधानको स्थानमा यस्ता संस्थाहरूले राष्ट्रिय मानवअधिकार आयोगसँग र राष्ट्रिय मानवअधिकार आयोगले यर्ता संस्थाहरूसँग सहकार्य गरी काम गर्न प्रावधान राख्नु वाञ्छनीय हुन्छ।

**परामर्श प्रक्रिया**

राष्ट्रिय मानवअधिकार संस्था स्थापना गर्न कानुन संस्थाको भावी प्रभावकारिताका लागि अत्यन्त महवपूर्ण हुने हुनाले यसमा सार र प्रक्रिया दुवै अर्था पेरिस सिद्धान्त प्रतिविम्बित भएको हुनुपर्छ यस्तो संस्थालाई सफलतापूर्व स्थापना गर्न परामर्शी, समावेशी तथा पारदर्शी प्रक्रियाको आवश्यकता पर्दछ र यसमा राज्य तथा नागरिक समाजका सबै सम्बद्ध तत्वहरूलाई संलग्न गरी परिचालन गराउनु पर्न हुन्छ। सार्वनिक परामर्श एउटा महत्वपूर्ण तत्व हो र त्यसमा मानवअधिकारको स्थितिसम्बन्धी परामर्शतथा मुलुकका प्राथमिकता, संस्थाको वैधानिक आधार एवं संस्थाको कार्यादेश तथा अधिकार, यसको स्वतन्त्रता, बहुलता, पर्याप्त संसाधन, संरचना, कर्मचारी, संस्थाको भौगोलिक अवस्थिति र यसका सदस्यहरू नियुक्ति गर्न विधिहरू समावेश गरिएको हुनुपर्छ त्यसैले, व्यवस्थापिका संसदले विधेयकलाई सार्वजनिक गर्न तथा संविधानसभा विधायिकी कार्य नियमावलीमा व्यवस्था गरेअनुसार यसका विषयवस्तुबारे सर्वाधारणको राय लिनु वाञ्छनीय हुन्छ।

## निष्कर्षहरू

राष्ट्रिय मानवअधिकार संस्थाले राज्यको राष्ट्रिय मानवअधिकार संरक्षण संयन्त्रमा केन्द्रीय भूमिका खेल्न सक्छ तथा आयोगसम्बन्धी नयाँ कानुन पारित हुनाले नेपालमा निरन्तर बलियो भएर जान्छ। आयोगलाई अभिवृद्धि गर्न तथा बलियो बनाउन नयाँ कानुन पूर्णरूपमा पेरिस सिद्धान्त र उच्चतम अन्तर्राष्ट्रिय मापदण्ड तथा सर्वत्तम अभ्यासहरूसँग मेल खानुपर्छ यस पत्रमा उल्लेख गरिएका आयोग तथा उच्चायुक्तको कार्यालयका सुझावहरूले यसलाई एउटा उपयुक्त मात्रामा

आर्थिक स्रोत भएको तथा मानवअधिकार संरक्षण तथा प्रवर्द्धनका लागि ठोस गतिविधि गर्न पर्याप्त फराकिलो कार्यादेशसहितको स्वतन्त्र तथा बहुलवादी संस्थाको रूपमा व्यवस्था गर्न केही महत्वपूर्ण क्षेत्रहरूमा मस्यौदा विधेयक विस्तार गर्नपर्न आवश्यकतामाथि जोड दिएको छ। पेरिस सिद्धान्त अनुसारको कानुनले राष्ट्रिय मानवअधिकार संस्थाको अन्तराष्ट्रिय समन्वय समितिले आयोगलाई मान्यता दिने कुरामा थप योगदान पुऱ्याउनुका साथै आयोगलाई राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय वैधानिकता हासिल गर्नमा पनि मद्दत गर्नछ।

**सुझावहरूको सारसंक्षेप**

१. **सवैधानिक हैसियत** : यी प्रावधानसहित आयोगको व्यवस्था स्पष्ट रूपमा संविधानमा हुनुपर्छः

(क) आयोग स्थापना गर्न;

(ख) यसको स्वतन्त्रता तथा बहुलवादको प्रत्याभूति गर्न;

(ग) फराकिलो कार्यादेश प्रदान गर्न; र

(घ) यसका सदस्य तथा कर्मचारीको व्यवस्था गर्न।

यसको सञ्चालनसम्बन्धी थप विशिष्ट विवरण कार्यान्वयनकारी कानुनमा व्यवस्था हुनुपर्छ

२. **स्वतन्त्रताको अभावः** हालको विधेयकले आयोगको स्वतन्त्रतालाई सुरक्षित गर्दैन। स्वतन्त्रता तथा स्वायत्तता सबै मानवअधिकार संस्थाहरूको आधारशिला हो र मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्न आयोगको क्षमताका लागि कुञ्जी हो। यी सबै कुराको प्रत्याभूति कानुनमा भएको हुनुपर्छ।

३. **उपलब्ध कार्यादेश अत्यन्त साँगुरो छ**

(क) विधेयकमा गरिएको मानवअधिकारको परिभाषाले पेरिस सिद्धान्तले चाहेको फराकिलो कार्यादेशको आवश्यकतालाई पूरा गर्दैन। नेपालले अनुमोदित दस्तावेजहरूलाई मात्र नभई मानवअधिकारसम्बन्धी सबै दस्तावेजहरूको सन्दर्भ उल्लेख गरिनुपर्छ।

(ख) हाल व्यवस्था गरेअनुसार आयोगको सल्लाहकारी भूमिका कमजोर छ। मानवअधिकारका सम्बन्धमा वा त्यसलाई प्रभाव पार्न कानुनको मस्यौदा वा संशोधन गर्दा र अन्तर्राष्ट्रिय वा क्षेत्रीय मानवअधिकार सन्धिहरूको नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा सरकारले आयोगको राय लिनैपर्न व्यवस्था हुनुपर्छ त्यसबाहेक, त्यस्तो कानुनमा आयोगलाई सहयोग गर्नपर्न राज्यअधिकारीहरूको कर्तव्य उल्लेख हुनुका साथै आयोगको काममा व्यवधान खडा गर्न विरुद्ध कारबाही गर्न पाउने अधिकारको व्यवस्था गरिएको हुनुपर्छ।

(ग) हालको मस्यौदा अनुसार, अधिकारीहरूलाई सजाय दिएर वा क्षतिपूर्ति उपलब्ध गराएर उजुरीहरूको समाधान गर्न अधिकार आयोगलाई मात्र छ । उजुरीका कारणहरूको समाधानका लागि राज्य निकायले कानुनी उपचार प्रदान गर्न कदमहरूबारे आयोगले सुझाव दिन पाउने प्रावधान राखेर यसमा थप सुधार गर्न सकिन्छ र यसले माथिका पीरमर्का समाधान गर्न तथा भविष्यमा यस प्रकारको कुरा दोहोरिनबाट बच्न निकै मद्दत गर्नछ ।

(घ) उच्चतम अन्तराष्ट्रिय मापदण्ड तथा सर्वत्तम अर्यासहरूसँग अनुकूल हुने गरी, आयोगलाई संसदमा सीधै प्रतिवेदनहरू टेबुल गर्न पाउने स्पष्ट अधिकार दिइनु पर्छ । जसले गर्दा आयोगले लिइने उपयुक्त कदमबारे पैरवी गर्नसकोस् ।

४. **नियुक्ति कार्यविधिः** सरकार हावी भएको प्रक्रियाबाट बच्न नयाँ संविधानमा नियुक्ति कार्यविधि परिमार्ज गरिनु पर्छ र त्यसलाई विधेयकमा पनि समावेश गरिनुपर्छ त्यसका लागि प्रतिनिधिमूलक तथा समावेशी समिति निर्माण गर्नका साथै सर्वाधारण तथा नागरिक समाजसँग व्यापक परामर्श हुनुपर्छ कार्यविधिले आयुक्तहरूको समावेशी प्रतिनिधित्वलाई पनि सुनिश्चित गर्नुपर्छ ।

५. **स्वतन्त्र रूपले कर्मचारी नियुक्त गर्न पाउने तथा पर्याप्त आर्थिक सहायताको प्रत्याभूतिको अभावः** आयोगलाई पेरिस सिद्धान्त अनुरूप कार्य गर्न पर्याप्त स्वतन्त्रता प्रदान गर्न महत्वपूर्ण हुन्छ । आयोगले सचिव लगायतका कर्मचारी आफैं नियुक्त गर्न पाउनु पर्छ र त्यस्तो नियुक्तिमा नेपाली समाजको विविधता प्रतिविम्बित भएको कुराको प्रत्याभूति हुनुपर्दछ । आयोगलाई पर्याप्त आर्थिक सहायता उपलब्ध गराउने प्रावधान हुनुपर्दछ । त्यसका अतिरिक्त, वित्तीय कुरासँग सम्बन्धित सम्झौताहरूमा अर्थमन्त्रालयको स्वीकृति आवश्यक पर्न कुराले आयोगको स्वतन्त्रतामा अवरोध पुऱ्याउने हुनाले त्यसलाई हटाउनुपर्दछ । यस्ता सम्झौताहरूबारे मन्त्रालयलाई जानकारी गराउनुपर्दछ ।

६. **अपर्याप्त उजुरी कार्यविधिः** विधेयकमा परिभाषा गरिए अनुरूप आयोगको उजुरी हेर्न कामसम्बन्धी केही पक्षहरूमाथि पुनर्विचार गरिनुपर्दछ । उल्लंघन भएको ६ महिना भित्र उजुरी दर्ता गर्नुपर्ने नयाँ हदम्याद विशेष चासोको विषय भएको छ । उजुरी दर्ता गर्न रहेका अन्तर्निहित कठिनाइ तथा दण्डहीनताको विद्यमान संस्कृतिलाई हेर्दा नेपालका लागि त्यस्तो हदम्याद सुहाउँदैन ।

७. **सेनासँग सम्बन्धित क्षेत्राधिकारसम्बन्धी अस्पष्ट प्रावधानः** नेपाली सेनाका कर्मचारीबाट भएका कथित मानवअधिकार उल्लंघन लगायत सबै उल्लंघन

छानबिन गर्नक्ने गरी सेनाका सम्बन्धमा आयोगको क्षेत्राधिकारलाई विधेयकमा स्पष्ट गरिनुपर्दछ ।

८. **सुझावहरूको अस्पष्ट प्रकृति**: आदर्शरूपमा भन्ने हो भने आवश्यक परेमा आयोगका सुझावहरू अदालतका बाध्यकारी निर्णय बन्न सक्ने कार्यविधिसहित उसका सुझावहरूलाई बाध्यकारी निर्णयका रूपमा स्पष्ट पारिनु पर्दछ ।

९. **क्षतिपूर्ति प्रदान गर्न अपर्याप्त प्रक्रिया**: विधेयकले स्वेच्छाचारी रूपमा क्षतिपूर्तिको अधिकतम रकम तोकेको तथा पछि प्रदान गरिने सो क्षतिपूर्तिबाट पीडितले अन्तरिम राहत स्वरूप प्राप्त गरेको रकम घटाइने कुरा लगायत विधेयकमा क्षतिपूर्ति प्रदान गर्न सम्बन्धमा थुप्रै समस्याजनक प्रावधान रहेका छन् । उपयुक्त क्षतिपूर्तिको हिसाब गर्न छुट्टै संयन्त्र र अन्तरिम राहत तथा क्षतिपूर्तिबीच स्पष्ट भिन्नता स्थापना गर्नका लागि यी प्रावधानहरूमा संशोधन गरिनुपर्दछ ।

१०. **उजुरीकर्ता तथा साक्षीहरूका लागि संरक्षणको अभाव**: यस ऐन अन्तर्गका अधिकारको प्रयोग गर्न वा आयोगलाई जानकारी वा प्रमाण उपलब्ध गराउने उजुरीकर्ता तथा साक्षीहरू एवं तिनका आफन्त वा सहायकहरूलाई संरक्षण गर्न कानुनमा विशिष्ट प्रावधान हुनुपर्दछ ।

११. **अन्य मानवअधिकार संस्थाहरूसँग सहकार्यम्बन्धी अपर्याप्त प्रावधान**: पेरिस सिद्धान्तका अनुसार, राष्ट्रिय मानवअधिकार संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार साझेदारहरूसँग सहकार्य गर्नुपर्दछ । तसर्थ विदेशी संस्थाहरूले नेपालमा मानवअधिकारसम्बन्धी कार्यक्रमहरू गर्न आयोगको स्वीकृति लिनुपर्ने प्रावधान राख्नु अनुपयुक्त रहेको छ । मानवअधिकारसँग सम्बन्धित सम्पूर्ण पात्रहरूसँगको सहकार्यमा जोड दिने तथा त्यस्ता निकायहरूले आयोगसँग समन्वय गरी कार्य गर्नुपर्ने प्रावधान बढी वाञ्छनीय हुनेछ ।

१२. **विधेयकको संरचना**: आयोगका सबै काम एकै परिच्छेदमा समावेश हुने गरी विधेयकको संरचनालाई व्यवस्थित गर्नु पर्दछ ।

❒❒

**सन्दर्भ सामग्रीहरू**


१ मानवअधिकारको संरक्षण तथा प्रबर्धनका लागि राष्ट्रिय संस्थाहरूको हैसियत तथा कार्यगत सम्बन्धित सिद्धान्तहरूः पेरिस सिद्धान्त १९९३

२ आईसीसी एससीएः सामान्य टिप्पणी नोभेम्बर २००८ मानवअधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि राष्ट्रिय संस्थाहरू,

३ उच्चायुक्तको कार्यालयको जानकारी पत्र नम्बर १९ राष्ट्रिय मानवअधिकार संस्था,

४ मानवअधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि राष्ट्रिय संस्थाहरूको स्थापना तथा सुदृढीकरणसम्बन्धी हातेपुस्तिका, उच्चायुक्तको कार्यालय,

५ व्यवसायिक शृङ्खला नम्बर ४ राष्ट्रिय मानवअधिकार संस्था, सर्वोत्तम अभ्यास,

६. कमनवेल्थ सचिवालय २००१ राष्ट्रिय मानवअधिकार संस्थाहरूसँग सहकार्यका लागि यूएनडीपी उच्चायुक्तको कार्यालयको टुलकिट डिसेम्बर २०१० राष्ट्रिय मानवअधिकार आयोग नेपालः एक विहङ्गम दृष्टि राष्ट्रिय मानवअधिकार आयोग नेपाल, २०१०